# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 6   Monthly International Edition of Herald of His Coming   June 2022

वर्ष २३, अङ्क ६   हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन   (असार, २०७९)


# परमेश्वरको शक्तिमा भरोसा गर्ने कारणहरू
## (Reason for Trusting God's Power)

**By William Gurnal (1617-1679)**

"… प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ ।" (एफिसी ६ : १०) उहाँको शक्ति भनेर तपाईं के बुझ्नुहुन्छ ? सरल भाषामा भन्ने हो भने यो वाक्यांशको अर्थ उहाँको पराक्रमको शक्ति भन्ने लाग्दछ । कहिलेकाहीँ बलियो र शक्तिशाली सर्वशक्तिमान परमेश्वरको लागि प्रयोग गरिने शब्द हो । परमेश्वरको अतुलनीय शक्ति हामीले प्राप्त गर्‍यौं भने कस्तो होला ?

कसरी विश्वासीहरू उहाँको शक्तिशाली अँगालोभित्र पस्दछन् ? परमेश्वरको शक्त प्राप्त गर्नका लागि दुईवटा विश्वास कार्यहरू आवश्यकता पर्दछन् । पहिलो, परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ भनी तपाईंसँग विश्वास हुनुपर्दछ । यो एक आधारभूत विश्वास हो । दोस्रो, परमेश्वर सर्वशीक्तमान हुनुहुन्छ भनेर विश्वास मात्र गरेर पुग्दैन परमेश्वरको सर्वशक्ति तपाईंको लागि प्रतिरक्षात्मक छ भनी पूर्ण विश्वास गर्नुपर्छ । तपाईंको जीवनमा पर्ने हरेक परीक्षामा परमेश्वरले तपाईंलाई रक्षा गर्नुहुन्छ । उहाँको बाहुलीमा सँगै रहनुहोस् । परीक्षामा सुरक्षा दिने प्रभु शक्तिशाली हुनुहुन्छ ।

बिग्रिएको बाटोमा जब बच्चाले आफ्नो बाबुको हात समातेर हिँडेजस्तै परमेश्वरको हात पक्रिराख्नुहोस् । यही तरिकाले परमेश्वरले आफ्ना सन्तहरूको सुरक्षा गर्नुहुन्छ । परमेश्वरले अब्राहाम, इसाहाक र याकूबलाई यसरी नै हात समातेर सँगै हिँडाउनु भयो । त्यसपछिका अधिकांश सन्तहरूको परीक्षा आउँदा परमेश्वरको कहिल्यै छोटो भएन । त्यसो भए परमेश्वरले कसरी तिनीहरूको बिचमा आफैँलाई चिनाउनुभयो ?

"अब्राहाम, इसहाक र याकूबकहाँ म सर्वशक्तिमान परमेश्वरका रूपमा देखापरेँ, तर परमप्रभु भन्ने मेरो नाउँले त तिनीहरूकहाँ प्रकट भइनँ ।" (व्यवस्था ६ : ३) तिनीहरूले आफ्नो खुट्टा ठिक प्रकारको राख्नु पर्दछ । त्यसपछि तिनीहरू आराधनासँग जिउने र विजयीको रूपमा मर्न सक्नेछन् । तिनीहरूले आफ्ना छोराछोरीहरूलाई पनि यस्तै प्रतिज्ञा पालन गर्न सिकाए । तिनीहरूले सर्वशक्तिमानले गरेको प्रतिज्ञामा कहिल्यै शंका गरेनन् ।

**उहाँको विगतको क्रियाकलापः-** इतिहासभरि नै परमेश्वरले आफ्नो शक्तिशाली पराक्रम देखाउनु भयो । यद्यपि परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ भनी विश्वास गर्न यति सजिलो भने पक्कै छैन । मोशा आफैँ परमेश्वरको अनुग्रहले सुरक्षा दिइएका/बचाइएका मानिस थिए । तरै पनि हामी हेरौँ त कसरी परमेश्वरले तिनको विश्वासमा शंका रहुन्जेल पक्रिराख्नुभयो । उनले परमेश्वरलाई भने, "मसँग यात्रामा पैदल हिँड्ने ६ लाख छन्, तापनि महिनाभरि म तिमीहरूलाई मासु दिनेछु भनी तपाईं भन्नुहुन्छ । के यी सबै भेडाबाखाका बगालहरू र गाईवस्तुका बथानहरू मारेर यत्तिका मान्छेलाई पुग्छ र ? अथवा समुद्रका सारा माछाहरू पक्रेर पनि

तिनीहरूलाई पुग्छ र ? (गन्ती ११ : २१-२२)

मोशा एक महान् व्यक्तिले केही समयका लागि होस गुमाएको छ। कसरी परमेश्वरले काम गर्नुहुन्छ र ? भनी शंका मात्र होइन परमेश्रको परीक्षा पनि गरे। वास्तवमा मोशाले के सोचेको हुनुपर्दछ भने "हे ! परमेश्वर यो समयमा तपाईंले खासै मूल्याङ्कन गर्न सक्नुभएन यसपटक तपाईंको शक्ति पुग्दैन होला, तपाईंसँग जे छ त्यो पूर्णता हैन भन्ने उनको मनमा थियो तर परमेश्वरले के भन्नुभयो, "... के परमप्रभुको शक्ति काम भएको छ र ? अब मैले तँलाई भनेको कुरा हुन आउँछ कि आउँदैन त्यो तैँले देख्नेछस्।" (पद २३)

नयाँ करारमा मरियमको जीवनमा पनि यस्तै घटना घटेको थियो। उनले भनेकी थिइन् "... हे प्रभु तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्ने थिएन।" (यूहन्ना ११ : ३२) यो भनाइमा येशूको उत्तर आउन नपाउँदै उनकी दिदी मार्थाले तुरुन्तै थपिन्, "हे प्रभु, यसबेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला ...।" (पद ३९) दुवैजना ईश्वरीय नारीहरू थिए। तरै पनि तिनीहरूलाई खीष्टको शक्तिको बारेमा एकदमै शंका थियो। एउटीले "यदि तपाईं यहाँ हुनुभएको भए" भनेर उहाँको शक्तिप्रति शंका गरिन्, यति खीष्टले लाजरसलाई ब्युँताउन नसकेको जस्तो कुरा गरिन्, अर्कीले समयको रूपमा उहाँको शक्तिलाई सीमित पारेर- यस समयसम्म ऊ गन्हाइसकेको होला" भनिन्। तिनीहरूले खीष्टले उपचार गर्ने डाक्टरजस्तो र चिहानले पनि उहाँको बोली मान्नुपर्ने होइन र जस्तो दुःख पोखेजस्तो देखिन्छ। यी सबै विचारको पछाडि येशूले आफ्नो शक्ति प्रदर्शन गर्नुभयो र उहाँ सर्वशक्तिमान हुनुहुनछ भन्ने प्रमाण लाजरसलाई बचाएर देखाउनुभयो। उहाँले विश्वास योग्यता प्रमाणित गरेर देखाउनुभयो।

**उहाँको असीमित इच्छा**

हरेक मानिसले उहाँमा पूर्ण भरोसा गरोस् भन्ने परमेश्वरले हिजो, आज र भोलि पनि चाहनुहुन्छ। परमेश्वरले उहाँ सर्वशक्तिमान भएको र हरेक मानिसले उहामा भरोसा राखेको चाहनहुन्छ। भनेको जस्तै काम गर्ने छोराछोरीलाई आफ्ना पिताले धेरै मन पराउनुहुन्छ। मानिसलाई बुद्धिमानी, दयालु, विवेकशील प्राणी भनिए तापनि त्यो मूर्ख नै हुन्छ। परमेश्वर केवल बुद्धिमान हुनुहुन्छ, दयालु र सर्वशक्तिमान हुनुहुन्छ। जब हामी बाहिर निस्कन्छौँ, प्रभु ! शब्द पुकार्दै निस्कन्छौँ। हुनसक्छ, हाम्रो त्यस्तो बानी हुनसक्छ तर साँचो परमेश्वरलाई खुम्चाएको हुनसक्छ। परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ।

परमेश्वरको लागि हाम्रो विश्वास धेरै महत्वपूर्ण छ। कहिलेकाहीं उहाँका प्रियजनहरूलाई उहाँले दण्ड दिनुहुनेछ। जब आफ्ना प्रियजनहरू र उहाँमा आशा तथा भरोसा राखेको चाहनुहुन्छ। हाम्रो अविश्वासको मापदण्डबाट हामी बाहिर आउन सक्नुपर्दछ। यतिबेला हामीलाई ठूलो विश्वासको आवश्यकता पर्न सक्दछ। हामी कतिपटक तर्कवितर्क गर्दछौं। हामीले आफैँलाई समर्पण गरौँ र अडिग रहौँ उहाँले आफ्नो शक्ति हामीमाथि खन्याउनु हुनेछ।

जकरियाले स्वर्गदूतलाई "म यो कहाँबाट थाहा पाऊँ ?" भनेर सोधे उनकै भाषामा भन्ने हो भने, "मैले कसरी जान्ने ? म बूढो भएँ र मेरी पत्नीको उमेर पनि ढल्किसकेको छ।" (लूका १ : १८) सायद हिम्मत गरेर यो प्रश्न उनले परमेश्वलाई सोधे होलान्। कसरी पमरेश्वरको शक्तिमाथि शंका गरेको ? यसको परिणाम के भयो ? घटनास्थलमै उनी बेहासै भए र लाटो भए। परमेश्वरले आफ्ना छोराछोरीले उहाँको वचनमा विवाद गरेको होइन विश्वास गरेको चाहनुहुन्छ। अब्राहामको विश्वासलाई विचार गरौँ त, "प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न सक्नुहुन्छ भन्ने अब्राहाम पूरा निश्चित थियो।" (रोमी ४ : २१)

हाम्रो भरोसालाई प्रोत्साहन दिन, उहाँको शक्ति सधैँ पर्याप्त छ। आफ्ना मानिसहरू परिपक्व हुन् भनी कहिलेकाहीँ उहाँले आफ्ना विरोधीहरूलाई उचालेको घटनाहरू बाइबलमा प्रशस्तै छन्। यसको अर्थ उहाँका मानिसहरू उहाँतर्फ नै फर्कन र उहाँको हुनुहुनछ भनी बुझ्न सकुन् भन्ने नै हो। जस्तोसुकै घटनाहरू भए तापनि परमेश्वर आफ्ना मानिसलार्य सहयोग गर्न एक स्तम्भको रूपमा खडा हुनुहुन्छ। त्यसैकारणले हामी उहाँमा भरोसा गर्न सक्दछौँ। के आज हामीले परमेश्वरको शक्ति यहाँ यहीँनेर छ, मसँगै छ भन्न सक्दछौँ ?

लाजरसको मृत्यु हुने बेलामा धेरै मानिसले देखुन् भनी येशूले आफ्नो शक्ति प्रदर्शन गर्नुभयो। त्यस्ता तरिकाहरू परमेश्वरले पुरानो करारमा पनि प्रयोग गर्नुभएको छ। प्रस्थानलाई विचार गरौँ त, परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याउनै चाहनुहुन्थ्यो भने, योसेफलाई किन यस्तो दुःख दिनुभयो।

यसको उद्देश्य संसारलाई पनि उहाँको हुनुहुन्छ भनी देखाउनुहुन्छ, दस विपत्तीले पनि यही कुरा प्रदर्शन गर्दछ । राजा फारोँको अगाडि यस्ता महान् काम हुँदाहुँदै पनि किन परमेश्वरले उसको हृदय कठोर बनाइदिनुभयो । उत्तर सजिलो छ- उहाँले आफ्ना मानिसको अगाडि महान् काम गर्न सक्नुहुन्छ भन्ने देखाउनु नै थियो । हुन न इस्राएलीहरूले उहाँको काममा सधैं शंका गरिरहे ।

परमेश्वरले आफ्नो समयमा मात्र उहाँको शक्ति देखाउनुहुन्छ, हाम्रो समयमा होइन । परमेश्वरको समय उहाँको हातमा हुन्छ हाम्रो अवस्थामा होइन । 'उहाँले काम गर्न ढिला गर्नुहुन्छ' भन्ने हामीले सोच्न पनि सक्दैनौँ यो कुरा अबुझ भएर मात्र निस्किएको हो । हामीसँग कत्तिको धैर्यता छ भन्ने कुरा उहाँले हेर्न चाहनुहुन्छ । परमेश्वरले हाम्रो कुभलो कहिल्यै गर्नुहुन्न, उहाँले हामीलाई प्रोत्साहन दिइरहनुहुन्छ, उहाँले आफ्नो शक्ति हाम्रो बिचमा देखाइरहनुहुन्छ तर हामीले कतिपटक परमेश्वरको यो गुणलाई त्यत्ति राम्रोसँग नबुझेको हुन सक्दछौँ । परमेश्वरले चमत्कारीपूर्ण तरिकाले आफ्ना मानिसहरूलाई निकाल्नुभयो । लालसमुद्र दुई भागमा विभाजन हुनु के यो सम्भवको कुरा हो र ? हो परमेश्वरको शक्तिमा कुनै कुरा पनि असम्भव छैन । यो घटनामा परमेश्वरले आफ्नो शक्ति इस्राएलीहरूलाई मात्र होइन, उहाँ के हुनुहुन्छ भन्ने कुरा मिश्रीहरूलाई पनि देखाइदिनुभयो । "उजानस्थानमा तिमीहरू हिँडेका सारा बाटोभरि बाबुले आफ्नो नानीलाई बोकेझैँ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू यहाँ आई पुगुन्जेलसम्म कसरी तिमीहरूलाई बोकेर ल्याउनुभएको थियो, सो तिमीहरूले त्यहाँ देखेका थियौ ।" (व्यवस्था १ : ३१)

जब सन्तहरू आफ्नो जीवनको यात्रमा अगाडि बढिरहन्छन्, विभिन्न बाधाहरू नआउने होइन, झन धेरै विरोधीहरू थप्पिँदै जान्छन् तर परमेश्वले आफ्ना मानिसको सुरक्षा गर्नुहुन्छ । परमेश्वरको अनन्तताको काखमा उहाँले लिनुहुनेछ । उहाँको वचनले भनेको छ "आखिर समयमा प्रकट हुन आँटेको मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ ।" (१ पत्रुस १ : ५) परमेश्वर आफ्ना मानिसलाई सुरषा दिन, बोक्न, हात समात्न, एकदमै खुसी हुनुहुन्छ । "हराएको भेडा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ ।" (लूका १५ : ५)

उहाँको अनन्त शक्तिको सुरक्षा चिलको पखेटाजस्तै छन् । उहाँले आफ्ना मानिसलाई माथि माथि लगेर सुरक्षा दिनुहुन्छ । परमेश्वर भन्नुहुन्छ "मैले मिश्रीहरूलाई के गरेँ, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैँ बोकेर म कहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ ।" (प्रस्थान १९ : ४) परमेश्वरको शक्तिधारण गर, उहाँले अवश्य छुटकारा दिनुहुन्छ ।

From the 2002 printing of the Christain in complete Armour Volume one by William Gumall. Reprinted by permission of Bannar of Trugh, P.O. Box. 621, Carlisle, PA 17013

# परमेश्वरको नाम र अर्थ

| | | |
|---|---|---|
| एल् | - | सामर्थका परमेश्वर |
| एलेहिम | - | सृष्टिकर्ता परमेश्वर |
| एल ओलाम | - | अनन्तको परमेश्वर |
| एल् सदाब | - | मलाई देख्नुहुने परमेश्वर |
| एलोह | - | सम्झनुहुने परमेश्वर |
| एल गिब्दोन | - | शक्तिशाली परमेश्वर |
| एल् एलोह इससाइली | - | परमप्रभु इस्राएलका परमेश्वर |
| एल् एल्योल | - | अति उच्च परमेश्वर |
| इम्मानुएल | - | परमेश्वर हामीसँग |
| यह्वे | - | परमप्रभु |
| यह्वे सिद्धकोन | - | परमप्रभु मेरो धार्मिकता |
| यह्वे शाबोध | - | सेनाहरूका परमप्रभु |
| यह्वे निस्सी | - | परमप्रभु मेरो झण्डा |
| यह्वे शे. ए. | - | परमप्रभु मेरो गोठालो |
| यह्वे मक्कादेश | - | पवित्र तुल्याउनुहुने परमेश्वर |
| यह्वे एलसलोह क्याना | - | परमप्रभु डाही परमेश्वर |
| यह्वे पिरे | - | प्रबन्धकर्ता परमेश्वर |
| यह्वे शम्माह | - | परमप्रभु त्यही परमेश्वर |
| यह्वे शालोन | - | परमप्रभु मेरो शान्तिका परमेश्वर |
| यह्वे रोफेका | - | परमप्रभु मेरो चङ्गाइकर्ता |

# हामीले हराएकाहरूको निम्ति प्रार्थना गर्नैपर्छ
# We Must Pray for the Lost

**By Al Whittinghill**

के तपाईंले कहिल्यै यो विचार गर्नुभएको छ - सुसमाचार प्रचार गर्नको लागि धेरै समय, पैसा र बल लगाउँदा पनि खासै मानिसहरू वा आत्माहरू किन परमेश्वरको राज्यमा आउन सकिरहेका छैनन् ? आजको हाम्रो समयमा मानिसहरूले सुसमाचारलाई गम्भीररूपले लिइरहेका छैनन् अनि धेरैले सुसमाचार सुन्ने पनि इच्छा गर्दैनन् । विश्वास गर्नेहरूको निम्ति सुसमाचार चाहिँ परमेश्वरको शक्ति हो भन्ने हामी जान्दछौँ । म तपाईंहरूलाई बाइबलका केही खण्डरुबाट यो कुराको सच्चाइ देखाउन चाहन्छु । प्रार्थनाद्वारा यो कुरा सुरु गर्नु उपयुक्त हुन्छ । तर पहिले...

हामीले आफैलाई सोधौँ कि हराएकाहरूको बारेमा बाइलबलले भन्ने कुरामाथि के हामी विश्वास गर्दछौँ ? प्रभु येशू ख्रीष्टलाई नचिन्ने मानिसहरूको बारेमा बाइबल भनेका कुराहरू आज म तपाईंको अघि राख्न चाहन्छु । ती हराएकाहरू यस्ता हुन्:-

- तिनीहरूले परमेश्वरको आत्माका कुराहरू ग्रहण गर्न सक्दैनन् (१ कोरिन्थी २: १४)
- संसारका देवहरूले सुसमाचारप्रति तिनीहरूको आँखा अन्धो तुल्याइदिएको छ ताकि परमेश्वरको महिमाको सुसमाचार तिनीहरूले नदेखुन् (२ कोरिन्थी ४ : ३ - ४)
- तिनीहरू दुष्टको अधीनमा परेका हुन्छन् (१ यूहन्ना ५ : १९)
- तिनीहरू अनाज्ञाकारितामा चल्छन् र स्वभावैले क्रोधका सन्तान हुन्छन् (एफिसी २ : २ - ३) ।
- तिनीहरू परमेश्वररहित, र आशा नभएका हुन्छन् (एफिसी २ : १२) ।
- तिनीहरू परमेश्वरको जीवनदेखि बिराना हुन्छन् (एफिसी ४ : १८) ।
- तिनीहरू परमेश्वरका "शत्रु" हुन्छन् (रोमी ५ : १०)
- तिनीहरू दियाबलसको इच्छाअनुसार चल्नलाई कैदी बनाइएका हुन्छन् ( २ तिमोथी २ : २६)
- येशू ख्रीष्टले स्वयम् हराएकाहरूलाई दियाबलसका सन्तान भन्नुभयो ( यूहन्ना ८ : ४४)

तिनीहरू सांसारिक देवहरूको बन्धनमा परेका कारणले ख्रीष्टको प्रेमलाई देख्न सकिरहेका हुँदैनन् । ती सबै बन्धनहरूबाट छुटकारा नपाएसम्म तिनीहरू मुक्त हुन सक्ने छैनन् । तर परमेश्वर कृपाका खानी हुनुहुन्छ जब हामी पनि सांसारिक बन्धनहरूमा रुमलिइरहेका थियौं, तब उहाँ हामीहरूको निम्ति आफ्नो एकलौटे पुत्र येशु ख्रीष्टलाई संसारमा पठाउनु भयो । बाइबलले यसरी भन्दछ कि "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ", अनि "उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो" (२ तिमोथी २ : १ - ६)" उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि" (१ यूहन्ना २ : २) । "आफ्ना प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबैजनाले पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३ : ९) । यी पदहरूले परमेश्वरको हृदयको प्रकाश गर्दछ कि उहाँले हराएकाहरूको निम्ति धेरै वास्ता र प्रेम गर्नुहुन्छ । सबै मानिसहरू बाँचेको उहाँ चाहनुहुन्छ । हाम्रो हृदयको शत्रुले हराएका आत्माहरूलाई हराइरहून् भन्ने चाहना गर्दछ । शैतानले मानिसहरूलाई बन्धनमा र अन्धकारमा राख्न चाहन्छ । के हामी यो विश्वास गर्छौं ?

प्रभु येशूले यसको बारेमा सुसमाचार पुस्तकहरूमा स्पष्टसँग भन्नुभएको छ । (मर्कूस ३ : २७, लूका ११ : २० - २३ र मत्ती १२ : २८ - ३० पढ्नुहोस्) । यी खण्डहरू राम्रोसँग पढ्नुहोस् । येशूले यहाँ भन्नुहुन्छ कि बलियो शैतान आफ्नो घरमा शान्तिका साथ बस्छ जबसम्म त्यो भन्दा बलियो अरू कोही आउँदैन, त्यो बलियो शैतानलाई बाँधेपछि मात्र त्यसको घर वा हतियारहरू लुट्न सकिन्छ । तब मात्र शैतानको घरलाई भत्काउन सकिन्छ । कुनै पनि हराएको मानिसलाई बचाउन सकिन्न, जबसम्म शैतानभन्दा शक्तिशाली कोहीले त्यसलाई शैतानको बन्धन र अन्धकारबाट बचाउँदैन । एउटा दृष्टिविहीन मानिसले सृष्टिको सुन्दरता देख्न सक्दैन, हेर्नलाई त दृष्टि चाहिन्छ ।

**ख्रीष्टको महिमामय विजय**

हामीलाई यो थाहा हुन आवश्यक छ कि कलबरीको क्रुसको मृत्युले ख्रीष्टले शैतानलाई पूर्णरूपमा हराउनुभएको छ । बाइबलले के भन्छ सुन्नुहोस् - "जसले पाप गर्छ, त्यो दियाबलसको हो । किनकि दियाबलसले त सुरुदेखि नै पाप गर्दै आएको छ । दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो" (१ यूहन्ना ४ : ८) । मानिसहरूले गरेका पापको सट्टामा ख्रीष्ट बलिदान हुनुभयो । ख्रीष्टले मृत्यु रोज्नुभयो ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरुन् र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन् (हिब्रू २ : १४ - १५) । उहाँको अनमोल रगतद्वारा उहाँले "हाम्रा विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानुनी दाबीहरूलाई क्रुसमा किला ठोकी रद्द गरिदिनुभयो । उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रुसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो" ( कलस्सी २ : १४-१५) । ख्रीष्टले शैतानमाथि पूर्ण विजय प्राप्त गर्नुभयो । उहाँ मृत्युमाथि विजय भई पुनर्जीवित हुनुभयो, स्वर्गमा लगिनुभयो र राजाहरूका राजा अनि प्रभुहरूका प्रभुको रूपमा घोषित हुनुभयो । आज उहाँले महिमा र शक्तिमा राज्य गर्नुहुन्छ ।

कलबरीको महिमामय विजयसँगै उहाँले, परमेश्वरलाई विश्वास गर्ने मानिसहरूलाई महान् शक्ति दिनुभएको छ, ताकि तिनीहरूले पनि शैतानमाथि विजय प्राप्त गर्न सकुन् । "येशूको नाउँमा तिनीहरूलाई नयाँ शक्ति दिइएको छ । आज मण्डलीले प्रार्थनाद्वारा परमेश्वरलाई पुकार गर्नु आवश्यक छ । ख्रीष्टको नाउँमा सबै असम्भव कुराहरू पनि सम्भव हुन्छन् ।

**प्रार्थनाद्वारा मण्डलीको शक्ति र अधिकार**

परमेश्वरले मण्डली - आफ्नो शरीरलाई, शैतानसँग लड्नको निम्ति शक्ति दिनुहुन्छ अनि उहाँको शक्तिद्वारा हामीलाई तयार पार्नुहुन्छ । परमेश्वरका राज्यका ठूला कामहरू मण्डलीद्वारा नै होस् भन्ने उहाँ चाहनुहुन्छ अनि यो त प्रार्थनामा विश्वास गरेर मात्र सम्भव हुन सक्छ । यो सत्यता हामीले बिर्सिरहेका हुन्छौं र परमेश्वरको महान् कार्यहरू गर्नबाट वञ्चित भएका हुन्छौं । उहाँका शरीरको अङ्ग भएका कारण, र उहाँको रगतद्वारा हामी उहाँसँग जोडिएको कारण, उहाँको महान् विजयमा हामी पनि उहाँसँगै सहभागी हुन सक्छौं । उहाँले आफ्नो मण्डलीलाई अधिकार दिनुभएको छ ( एफिसी १ : १८ - २३) मा पढ्नुहोस् अनि पद १९ मा "विश्वास गर्नेहरूका निम्ति" त्यो अधिकार र शक्ति दिइएको पाउँछौं) । हामीमा बास गर्नुहुने परमेश्वर महान् र शक्तिशाली हुनुहुन्छ । जीवित थुमाको रगतद्वारा हामीले शैतानमाथि विजय पाएका छौं । शैतानलाई हराउनलाई परमेश्वरले हामीलाई चुन्नुभएको छ । परमेश्वरको हरेक सन्तान शैतान विरुद्धको लडाईंको महत्वपूर्ण सेना हो । एफिसी ६ : १४ - १७ मा यसरी लेखिएको छ- "यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती - पाता लाएर खडा होओ, र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लगाएर तयार होओ । साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौं । मुक्तिको टोप लगाओ र पवित्रआत्माको तरबार लेओ, जो चाहिँ परमेश्वरको वचन हो ।" प्रार्थना नै हाम्रो सबैभन्दा शक्तिशाली हतियार हो । निरन्तर प्रार्थना गरौं र विजय हाम्रो हुनेछ ।

मण्डली, जो ख्रीष्टको दुलही हो, ले परमेश्वरको इच्छाअनुरूप आत्मिक लडाईं लड्नु आवश्यक छ । "हामी संसारका हौं, तापनि सांसारिक लडाईं त लड्दैनौं । किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्न ईश्वरीय सामर्थ्य तिनमा छ । परमेश्वरका ज्ञानको विरुद्धमा खडा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं" (२ कोरिन्थी १० : ३ - ५) । मण्डली भनेको "प्रार्थनाको घर" भनेर कहलाइनुपर्छ । आत्मिकी युद्धमा पवित्रआत्माले परमेश्वरको वचनद्वारा नै विजय प्राप्त गर्नुहुन्छ । मण्डलीले आज परमेश्वरमा प्रार्थना चढाउनु आवश्यक छ । उहाँ हाम्रो प्रार्थनाको प्रतीक्षा गरिरहनु भएको छ । धेरै पटक जीवनमा हामी प्रार्थना बिना नै आत्मिकी लडाईं लड्ने प्रयास गर्छौं र विफल हुन्छौं । तर आज परमेश्वरले मण्डलीलाई प्रार्थनाद्वारा अधिकार दिनुभएको छ । प्रार्थनाद्वारा नै उहाँले हामी बाँध्ने र फुकाउने अधिकार दिनुभएको छ । मत्ती १६ को १९ मा येशूले यसरी भन्नुभयो - "म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु । जे तिमीले पृथ्वीमा बाँध्नेछौं, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला सो स्वर्गमा फुकाइनेछ ।"

यो याद राख्नुहोस् ! पश्चतापी हृदय, परमेश्वरबाट आउने उपहार हो ( २ तिमोथी २ : २५ - २६) । हामीले पाएको उद्धार, परमेश्वरको वरदान हो ( एफिसी २ : ८ - १०) । मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा

पाउन सक्दैन (यूहन्ना ३ : २७) । परमेश्वर पिताले खिच्नुभएन भने कोही पनि खीष्टकहाँ आउन सक्दैन (यूहन्ना ६ : ४४, ६५) । मानिस असहाय छ र परमेश्वरले त्यसलाई मुक्ति दिन चाहनुहुन्छ तर त्यसको लागि मण्डलीले परमेश्वरको बोलावटलाई बुझेर प्रार्थनामा समय बिताउन आवश्यक छ ।

परमेश्वरले आफ्नो मण्डलीद्वारा काम गर्न चाहनुहुन्छ ! उहाँको अनन्तको कार्यमा हामीले काम गरेको उहाँ चाहनुहुन्छ । हराएका आत्माहरूको लागि प्रार्थना गर्नु मण्डलीको लागि एउटा राम्रो अवसर (साथै कर्तव्य) हो । शैतानमाथि विजय पाउन कलवरीको शक्तिलाई दावी गर्दै प्रार्थना गर्नुपर्छ । सुसमाचार सुनाउने र आत्माहरू बचाउने हरेक हाम्रो प्रयास प्रार्थना बिना असफल हुन्छ । तर परमेश्वरले भन्नुहुन्छ, "यदि तिमीले माग्यौ भने म त्यो गरिदिनेछु ।" प्रार्थनाद्वारा तपाईंले सबै समस्याका छालहरू पल्टाउन सक्नुहुनेछ ।

सारा संसारमा गएर आत्माहरू जित्नु अघि हामी परमेश्वरको सिंहासन अघि गएर उहाँका प्रतिज्ञाहरूको सम्झना गर्दै प्रार्थना गर्नुपर्छ । हामीले शुद्ध हृदयबाट परमेश्वरसँग कुरा गर्नुपर्छ, पवित्र आत्माका शक्तिद्वारा परमेश्वरका प्रतिज्ञाहरूलाई दाबी गर्दै प्रार्थना गर्नुपर्छ । परमेश्वरले आफ्ना मानिसहरूलाई अधिकार दिनुभएको छ । हामी उहाँको राज्यको राजदूतहरू हौं । जब हामीले परमेश्वरको नाउमा खडा भएर हराएका आत्माहरूका लागि प्रार्थना गर्दछौं तब ती सांसारिक बन्धनमा हराइरहेका आत्माहरूलाई हामीले छुटकारा गराउन सक्नेछौं । दुष्टको शक्तिबाट छुटकारा पाएपछि मात्र तिनीहरूले परमेश्वरलाई देख्न सक्नेछन् । प्रार्थनाको शक्तिमाथि विश्वास गर्नुहोस् । परमेश्वरले त्यस्ता मण्डलीहरू माफ काम गर्नुहुन्छ जसका जग प्रार्थनामा आधारित छ ।

**बालबालिकाहरूलाई प्रार्थना गर्न उत्साह दिने तरिकाहरू:**

१. बालबालिकाहरूको बीचमा एउटा असल उदाहरण बन्नुहोस् ।

२. भजनसङ्ग्रह पढ्नुहोस् र प्रशंसाका गीतहरू गाउँदै परमेश्वरलाई आराधना दिनुहोस् ।

३. बालबालिकाहरूलाई परमेश्वरले दिनुहुने आशिषको बारेमा बताउनुहोस् ।

४. आफ्ना नानीहरूलाई पारिवारिक विषयहरूमा प्रार्थना गर्न सिकाउनुहोस् अनि परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने बताउनुहोस् ।

५. छोराछोरीहरूसँग बसेर तपाईंले पनि तिनीहरूका विद्यालय, साथीहरू र शिक्षकहरूका निम्ति प्रार्थना गर्नुहोस् ।

६. आफ्ना छोराछोरीहरूसँगै बसेर आफन्तहरूको निम्ति नाम काडेर प्रार्थना गर्नुहोस् ।

७. आफ्नो माण्डली र मण्डलीको पास्टर अनि सबै विश्वासीहरूको निम्ति प्रार्थना गर्न सिकाउनुहोस् ।

८. आफ्नो घर नजिकका छिमेकी र साथीहरूको निम्ति प्रार्थना गर्नुहोस् ।

९. परमेश्वरले छोराछोरीहरूलाई धैरै प्रेम गर्नुहुन्छ भन्ने बताउनुहोस् र प्रार्थनाद्वारा परमेश्वर हामीहरूसँग बोल्नुहुन्छ भन्ने सिकाउनुहोस् ।

१०. आफ्नो देश र देशका उच्चपदका मानिसहरूको निम्ति प्रार्थना गर्नुहोस् ।

## श्रीलंकाको लागि विशेष प्रार्थना

श्रीलंका देशको बारेमा हामीलाई राम्रोसँग थाहा छ । यो देश एकपटक सुनको सहर भएको देश भनेर चिनिन्छ तर आज यो देशमा भएको आर्थिक मन्दीको बारेमा सबै जानकार नै हुनुहोलो ।

सिंहाली भाषाका हाम्रा हेराल्ड प्रतिनिधिले प्रार्थनाको अनुरोधमा लेख्नुभएको छ । अहिले हाम्रो देश अति नै संकट अवस्थामा छ । आज श्रीलंकाको आर्थिक, राजनैतिक र सामाजिक अवस्था एकदमै धरापमा परेको छ । उहाँले अगाडि लेख्नुहुन्छ- दिनदिनै लडाईं, झगडा, विरोध प्रदर्शन हाम्रो देशको व्यवसायजस्तै भएको छ । हाम्रो देशमा उद्योग, कलकारखाना बन्द छन्, रोजागरीको कुनै अवसर नै छैन, श्रीलंका अब कतातिर जाला यसै भन्न सक्ने अवस्था छैन ।

यस्तै सिंहाली हेराल्डको बारेमा विचार गर्ने हो भने अहिले कागजको मूल्य एकदमै महँगो भएको छ, कागज पाउन नै गाह्रो छ, छपाइसम्बन्धी काम एकदमै असम्भव जस्तै हुन गएको छ ।

वितरणमा, मुद्रणमा, अनुवादमा एकदमै चुनौती भएको छ । कृपा गरी यस विषयमा तपाईंहरूले प्रार्थना गरिदिन हुन अनुरोध गर्दछु । अब परमेश्वरबाहेक कसैले पनि यो देशलाई फर्काएर ल्याउन सक्दैन । उहाँको न्याय उहाँकै हातमा छ, कृपा गरी हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस्- यसको साथै मण्डलीले सामना गर्नुपरेको गम्भीर विपत्तिको लागि पनि प्रार्थनामा सम्झिदिनुहोला ।

**हाम्रो प्रतिक्रिया-** हाम्रो लागि प्रार्थनाको अनुरोध पठाउनुभएकोमा धन्यवाद, हामी तपाईंसँगै छौं । हाम्रो तर्फबाट के गर्न सकिन्छ, त्यो गर्नेछौं । सबै पाठकहरूलाई श्रीलंकाको लागि प्रार्थना गर्न अनुरोध गर्दछु । यस्तो कठिन समयमा त्यहाँका मण्डलीहरूले एकतामा रहेर परमेश्वरतिर फर्कन सकुन् ।

# प्रार्थनाको उत्तर नआउने मुख्य कारणहरू

कतिपय अवस्थामा प्रार्थनाका उत्तरहरू रोकिने हुन्छ किनभने एउटा विश्वासीको जीवन भनेको विश्वासमा निर्भर हुन्छ तर विश्वासमा कमी आउनु भनेको अविश्वास हो । जब अविश्वासमा भएर प्रार्थना गर्दा प्रार्थनाको उत्तर नआउन सक्छ । त्यसैले खीष्टिय जीवन भनेको सत्यताको जीवन हो । त्यसकारण सत्यताबाट बरालिएर असत्यको मार्ग पछ्याउनाले हाम्रो जीवनमा सफलता प्राप्त हुँदैन । जुन कारणहरू यसप्रकार छन्ः–

१. अविश्वास (व्यवस्था १:४३–४५)
२. प्रभुमा नरहनु (हितोपदेश १: २४–२८)
३. परमेश्वरको इच्छानुसार नमाग्नु (याकूब ४: २–३)
४. नम्रहीनता (हितोपदेश २६:२४–२८)
५. स्वीकार नगरिएको वा पश्चताप नगरिएको पाप (२ इतिहास ७:१४)
६. गलत उद्देश्यले माग्नु (याकूब ४:२–३)
७. दशांस र भेटीहरू नदिनु (उत्पत्ति, ४, मलाकी ३:१०)
८. अरूको बारेमा खराब कुरा बोल्नु (याकूब ४:११, ५:९)
९. अनाज्ञाकारिता (हितोपदेश १:४३–४५) रोमी (५:१९) २ को. १०:६
१०. मूर्तिपूजा (व्यवस्था ७:२५–२६, यहोशू ७: इजकिएल १४:३)
११. व्यभिचार लेबी २०:१० मर्कूस ८:३८, १ को ५:९, १ तिमो १:१०
१२. अपवित्रता लेबी १९:१२, नहेम्याह १३:१७, इजकियल ३६:२० प्रेरित १०:१५
१३. लम्पटपना (गलाती ५:१९)
१४. मन्त्रतन्त्र (गलाती ५:२०) प्रकाश २२:१५)
१५. दुश्मनी (उत्पत्ती ३:१५) गलाती ५:२० यर्मिया १४:२० इजकिएल ३३:१३, योना १:२
१६. भैं–भगडा हितोपदेश १६:१८, १८:१९, रोमी १२:१८, १ कोर. १:१०–१३ तीतस ३:९
१७. ईर्ष्या/अरूलाई घृणा गर्नु (भजनसंग्रह २५:१९, मत्ती ५:४३–४४, मर्कूश १३:१३)
१८. क्रोध (प्रस्थान १५:७/इतिहास ३६:१६ /भजनसंग्रह ९०:७, १०३:८/यशैया १३:१३ ।
१९. स्वार्थीपन, गलाती ७:२०, भजन ११९:३६, याकूब ३:१६
२०. फुट, गुटबन्दी १ कोर. १:१०,
२१. डाह/घमण्ड (भजन १२:३–४) हितोपदेश १३:१०) रोमी १२:३, १:२९
२२. पियकडपन रोमी १३:१३, गलाती ५:२१, १ पत्रुस ४:३
२३. अश्लिल मोजमज्जा गलाती ५:१९
२४. परमेश्वरको अभिशिक्तजनलाई हानी पुर्‍याउनु (१ शमूएल २६:५–११)
२५. आफूलाई जाँच नगर्नु (इजकिएल १४:३)
२६. क्षमा नदिनु प्रस्थान ३४:६–७, १ शमूएल १२:१३ भजनसंग्रह १९:१२
२७. अधर्मीपन १ कोरिन्थी ६:९, १०

*साभारः 'प्रार्थनाको सामर्थ्य'*
*– कृष्ण नेपाली (आमोस)*

# प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- विश्वभर फैलिएको कोरोना (कोभिड १९) अलि मत्थर भएपछि यस महामारीबाट संसारले चाँडै पूर्ण रूपमा मुक्ति प्राप्त गरेको होस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकोस् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । ( एफिसी ६ : १२)
- निकट भविष्यमा हुन गइरहेको निर्वाचन शान्तिपूर्ण सम्पन्न हुन सकोस् ।

**विशेष धन्यवाद**

**पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

**स्थानीय वितरक**

**रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal
E-mail: nepalherald@yahoo.com
Phone No:- 01- 4982442

Published by: Gospel Revival Inc. (all rights reserved)
Counselor: Rich Carmicheal
Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682
Co- Editor: Mrs. Shanti Poudel
Editor: Mr. Nava Raj Panta
website: www.heraldofhiscoming.org